नेपाल सरकार
संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय
(संघीय मामिला शाखा )

प.सं.२०७७/७८
च.नं. ५४

सिंहदरबार, काठमान्डौ ।

मितिः २०७७/०८/१४

श्री स्थानीय तह (पत्रमा उल्लेखित)।

विषयः तालिम संचालन सम्वन्धमा ।

युवा तथा खेलकुद मन्त्रालयको च.नं. ३४५ मिति २०७७/०८/१० गतेको पत्र बाट राष्ट्रिय युवा परिषदको लागि उद्यमशिलता तथा वित्तीय साक्षरता सम्वन्धी ७ (सात) दिने तालिम लागत साझेदारीमा संचालन गर्न छनौट भएका स्थानीय तहहरुलाई पत्राचार गरिदिनु हुन भनि अनुरोध भई आएकोमा यसै साथ संलग्न राष्ट्रिय युवा परिषदको पत्र बाट विस्तृत जानकारी लिनुहुन र सोही वमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

वन्दना कर्ण
(शाखा अधिकृत)

वोधार्थः
१.श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार काठमाण्डौ ।
२.श्री सूचना प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः इमेल मार्फत उपलव्ध गराईदिनुहुन ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(युवा तालिम तथा अनुसन्धान शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०७७/७८
च.नं.: २३४

युवा तथा खेलकुद मन्त्रालय
द.नं. ३५२
मितिः 2066।८।6

मिति:२०७७।०८।०३

**विषय : तालिम सञ्चालन सम्बन्धमा ।**

श्री म्याङलुङ नगरपालिका तेह्रथुम, चुलाचुलि गा.पा. इलाम, नरहा गा.पा. सिराहा, करैयामाई गा.पा. बारा, खाडादेवी गा.पा. रामेछाप, मनहरी गा.पा. मकवानपुर, फेदीखोला गा.पा. स्याङ्जा, मोदी गा.पा.पर्वत, बाणगंगा न.पा.कपिलवस्तु, दंगिशरण गा.पा.दाङ, तिला गा.पा. जुम्ला, सिम्ता गा.पा. सुर्खेत, गोदावरी न.पा. कैलाली, वेदकोट न.पा. कञ्चनपुर, चौदण्डिगढी न.पा. उदयपुर, बर्दिवास न.पा. महोत्तरी, खैरहनि न.पा. चितवन, रुपा गा.पा. कास्कि, तुल्सिपुर उप.म.न.पा दाङ, महावु गा.पा. दैलेख, वेलौरी न.पा. कञ्चनपुर, नमोबुद्ध न.पा. काभ्रे, उर्लाबारी न.पा. मोरङ, मन्थलि न.पा.फुलासी रामेछाप, मन्थलि न.पा.चिसापानी रामेछाप, सुनापति गा.पा.हिलेदेवी रामेछाप, मेलम्चि न.पा. सिन्धुपाल्चोक, मालारानी गा.पा. अर्घाखाँची, शम्भुनाथ न.पा. सप्तरी, खडक न.पा. सप्तरी, अग्निसाइर कृष्णासरवन गा.पा. सप्तरी भिमफेदी गा.पा. मकवानपुर, निजगढ न.पा. बारा, सितगंगा न.पा. अर्घाखाँची, पाणिनी गा.पा.अर्घाखाँची,

प्रस्तुत विषयमा यस परिषद्को लागि आर्थिक वर्ष २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सहुलियतपूर्ण कर्जा सहजिकरणको लागि उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम (७ दिन) सञ्चालन गर्ने सन्दर्भमा यस परिषद्को मिति २०७७।०७।२० गतेको निर्णय अनुसार त्यस स्थानिय तह छनौट भएकोले तपसीलको शर्त बन्देजभित्र रहि लागत साझेदारीमा तालिम सञ्चालन गर्न चाहेमा प्रक्रीया अगाडि बढाउन आवश्यक देखिएकोले १०(दश) दिनभित्र उक्त तालिम सञ्चालन गर्ने वा नगर्ने सम्वन्धि जानकारी यस परिषद्मा उपलब्ध गराइदिनुहुन अनुरोध छ । जानकारी पठाउँदा जानकारी पत्र स्क्यान गरी यस परिषद्को इमेल ठेगाना **info@nyc.gov.np** मा उपलब्ध गराउनुहुन समेत अनुरोध छ ।

**तालिम सम्बन्धी आवश्यक योग्यता**

१) १६ वर्ष पुरा भई ४० वर्ष ननाघेका नेपाली (युवा) नागरिक तर वैदेशिक रोजगार ( रिटर्नी माइग्रेन्ट) बाट फर्किएकाहरुको हकमा उमेरको हद लाग्ने छैन ।
२) कम्तिमा आधारभूत शिक्षा (कक्षा ८) उर्तीण गरेको ।

वेवसाइट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२ सानोठिमी, भक्तपुर

**संलग्न गर्नु पर्ने कागजातहरु**

१) तालिम निवेदन तथा सहभागी छनौट फारम परिषद्को वेवसाइट (www.nyc.gov.np) बाट download गर्न सकिने छ ) सो फारममा उल्लेखित कागजातहरु पेश गर्नु पर्नेछ ।

**तालिममा सहभागी छनौट सम्बन्धी व्यवस्था**

१) तालिम सञ्चालन हुने स्थान सम्बन्धित स्थानिय तहले तोकेको स्थानमा हुनेछ ।
२) तालिममा सहभागीको संख्या एक समूहमा २५ जनाको हुनेछ ।
३) तालिममा सहभागी हुने युवाहरु उद्यम शुरुवात गर्न तयारी अवस्थामा रहेको हुनुपर्नेछ ।
४)सहभागी छनौट फारममा उल्लेखित आधारमा मात्र सहभागीहरु छनौट गर्नुपर्नेछ ।

**स्थानिय तहले देहाय बमोजिमको व्यवस्था मिलाउने एवम् व्यहोर्नु पर्ने लागत खर्चको विवरण**

१)सहभागीहरुलाई ७ दिनसम्म नियमित रुपमा उपस्थित गराउने तथा अनुशासन, तालिमको नियमहरु र आचारसंहित पालना गराउने ।
२) प्रशिक्षकहरु २ जना र राष्ट्रिय युवा परिषद्बाट खटिने २ जना कर्मचारी /परामर्शदाता /अनुगमनकर्ताहरुको लागि ९ दिनको आवास तथा खाना/ खाजाको व्यवस्था गर्नुपर्ने ।
३) तालिम हल, माईक, ल्यापटप र प्रोजेक्टर लगायत तालिमको लागि आवश्यक सामाग्रीहरुको व्यपस्थापन गर्नुपर्ने
४) तालिमका सहभागी तथा व्यवस्थापकहरु समेतलाई ७ दिनको खाना/खाजा र तातो चिसो पानीको व्यवस्था गर्नु पर्ने ।
५) तालिम एवम् पाठय् सामाग्रीहरुको फोटोकपीको व्यवस्था गर्नुपर्ने ।
७) मुख्य सडकबाट वा सदरमुकामबाट भित्र जानुपर्ने अवस्थामा उक्त स्थानबाट तालिम सञ्चालन हुने स्थानसम्मको यातायात र अन्य व्यवस्थापन सम्वन्धि प्रवन्ध सम्वन्धित स्थानिय तहले गर्ने ।
(८) कोभिड १९ को महामारीको कारणले सहजकर्ता,व्यवस्थापक एवं सहभागीहरुलाई स्वास्थ्य सुरक्षा सामग्रीहरुको व्यवस्था तथा मापदण्ड पालना गराउनुपर्नेछ ।

.................. ०७८/०८/०४

देविप्रसाद अधिकारी

नि. प्रशासकीय प्रमुख